# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

नेपालमा हरेक वर्ष माघ १ मा मनाइने माघे संक्रान्ति एवम् माघी पर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना !

हाम्रो देश नेपाल भौगोलिक, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण रहेको छ । यी विविधताहरुप्रति हामीले गौरव गर्नुपर्दछ । माघी थारु समुदायले हर्षोल्लासपूर्ण वातावरणमा मनाउने पर्व हो । आजैका दिन अन्य समुदायहरुबीच पनि मकर संक्रान्तिका रुपमा यो पर्व मनाइन्छ ।

यस पर्वले देशका सबै भागमा बसोबास गर्ने हामी नेपालीहरुबीच आपसी मेलमिलाप, सद्भाव र सहिष्णुता अभिवृद्धि गरी हामीहरुलाई राष्ट्रिय एकताको शुत्रमा बाँध्न सघाउ पुऱ्याउने विश्वास लिएको छु । हामी हाम्रा मौलिक सांस्कृतिक परम्पराहरुको संरक्षण तथा सम्बर्धन गर्दै अघि बढौं । माघीको यस सन्दर्भमा पुनः एक पटक शुभकामना व्यक्त गर्दछु ।

**२०८० साल माघ ०१ गते, सोमबार ।**

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**